फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लाबाङ, तेह्रथुम
१ नं. प्रदेश,नेपाल

प.सं.२०७९/०८०
च.नं.

मिति:२०७९/०८/२९

# सूचना ! सूचना !! सूचना !!!

**विषयः बाखा पालन सम्बन्धी तालिममा सहभागि हुने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटको आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पालिका स्तरिय बाखा पालन सम्बन्धी ३ दिने स्थलगत तालिम फेदाप गाउँपालिकाको कार्यालयमा संचालन हुने भएको हुँदा उक्त तालिममा सहभागी हुनका लागि कम्तिमा १० माउ बाखा पालन गर्ने ईच्छुक कृषक/समूह/सहकारी /निजी फर्महरुले यो सूचना प्रकाशन भएको मितिले ७(सात) औं दिन भित्रमा फेदाप गाउँपालिकाको पशुपन्छी तथा मत्स्य विकास शाखामा सम्पर्क गरि आफ्नो नाम दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

थप जानकारीका लागि पशुपन्छी तथा मत्स्य विकास शाखाः ९८४२५९२२४७ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

..........
अनु तामाङ
पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख

..........
विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

प.सं.२०७९/०८०
च.नं.

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०८/२९
दरखास्त दिने अन्तिम मितिः२०७९/०९/१४

प्रस्तुत विषयमा फेदाप गाउँपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखा पोक्लावाङ, तेह्रथुमको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिल अनुसारको कार्यक्रम भएकोले ईच्छुक कृषक समूह/निजी फर्म/कृषि सहकारीहरुले तपसिल अनुसारको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) औं दिन कार्यालय समय भित्र आवेदन गर्नुहुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कार्यक्रम विवरण

| क्र.सं. | कार्यक्रमको नाम | आवेदन दिने वडाहरु | आवेदकहरु |
|---|---|---|---|
| १ | ५०% अनुदानमा बाखाको खोर निर्माण कार्यक्रम | सबै वडा | कम्तिमा प्रजनन् योग्य १० माउ बाखा पालि अनिवार्य विमा गरेको हुनुपर्ने । |
| २ | ५०% अनुदानमा डेरी प्रवर्दन कार्यक्रम | २ नं. वडा | नियममानुसार दर्ता गरि संचालन गरिएको हुनुपर्ने । |

**आवेदनसाथ संलग्न कागजातहरु**

१. रु १० को टिकट टाँसेको निवेदन
२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. निजी फर्मको हकमा जग्गा प्रमाणपुर्जाको प्रतिलिपी, लिजमा लिएको भए सम्झैता पत्रको प्रतिलिपी ।
४. प्रचलित कानुन वमोजिम आधिकारिक निकायमा समुह/सहकारी/निजी फर्म दर्ता/नवीकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
५. समुह/सहकारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी ।
६. सहकारीको हकमा अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
७. वडा कार्यालयको सिफारिस पत्र ।

अनु तामाङ
पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख

विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत

फेदाप गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम
१ नं. प्रदेश, नेपाल

प.सं.२०७९/०८०
च.नं.

मिति: २०७९/०८/२९

# सूचना ! सूचना !! सूचना !!!

**विषयः कृत्रिम गर्भाधान गर्ने तालिम प्राप्त प्राविधिक सूचीकृत हुने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा फेदाप गाउँपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखा पोक्लावाङ, तेह्रथुमको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कृत्रिम गर्भाधान मिसन शसर्त कार्यक्रम संचालन गर्नका लागि गाई भैसीमा कृत्रिम गर्भाधान गर्ने प्राविधिकको आवश्यक्ता भएको हुँदा कृत्रिम गर्भाधान सम्बन्धी तालिम प्राप्त ईच्छुक प्राविधिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिन कार्यालय समय भित्र तपशिलको कागजात सहित पशुपन्छी तथा मत्स्य विकास शाखामा सम्पर्क गर्नुहुन जानकारीका लागि यो सूचान प्रकाशित गरिएको छ ।

तपशिल

१.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२. मान्यता प्राप्त शिक्षण संस्थावाट जे.टी.ए. वा सो सरह गरेको शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि

३. कृत्रिम गर्भाधान सम्बन्धी तालिमको प्रमाणपत्र प्रतिलिपि

**नोटः पारिश्रमिक फेदाप गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय बोमोजिम हुनेछ ।**

............
अनु तामाङ
पशुपंक्षी तथा मत्स्य विकास शाखा प्रमुख

............ २०७९/०८/२९
विष्णुप्रसाद आचार्य
प्रमुख प्रशासकीय अधिकृत